# बाणगङ्गा राजपत्र

बाणगङ्गा नगरपालिकाद्वारा प्रकाशित

बाणगङ्गा, खण्डः १, भागः १, संख्याः ९ मितिः २०७४ साल चैत्र २८ गते

**भाग-१**
**बाणगङ्गा नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय, कपिलवस्तु**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम बाणगङ्गा नगरपालिकाको शिक्षा ऐन, २०७४ सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## बाणगङ्गा नगरपालिकाको शिक्षा ऐन, २०७४

**प्रस्तावना**

नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई शिक्षा सम्बन्धी कार्यविधि नियमित गर्न वाञ्छनीय

भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बाणगङ्गा नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम, विस्तार र प्रारम्भ** :(१) यो ऐनको नाम बाणगङ्गा नगरपालिकाको शिक्षा ऐन, २०७४ रहेको छ ।

(२) यो ऐन बाणगङ्गा नगरपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा** : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) “ऐन” भन्नाले बाणगङ्गा नगरपालिकाको शिक्षा ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) “नियमावली” भन्नाले बाणगङ्गा नगरपालिकाको शिक्षा नियमावली सम्झनु पर्छ ।

(ग) “कार्यपालिका” भन्नाले नगरकार्यपालिका सम्झनु पर्छ ।

(घ) “नगरपालिका” भन्नाले बाणगङ्गा नगरपालिका सम्झनु पर्छ ।

(ङ) “सभा” भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा वा धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ ।

(च) “संविधान” भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. **नियम बनाउने अधिकार** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई शिक्षा क्षेत्रमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त कार्यपालिकाले नियमावली, कार्यविधि बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियमावली, कार्यविधि, बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

(३) यस ऐनमा उल्लेखित विषय यसै बमोजिम र बाँकी अन्य व्यवस्थाहरु नियमावलीमा उल्लेख गरे बमोजिम हुनेछ ।

**प्रमाणिकरण मितिः २०७४।१२।९**

आज्ञाले,
तुल्सीराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत
बाणगंगा नगरपालिका